*Unofficial translation*

PARIS2015
UN CLIMATE CHANGE CONFERENCE
COP21·CMP11

*January 2016*

# पेरिस संझौता

# पेरिस संभौता

यस संभौताका पक्षराष्ट्रहरु,

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धीको पक्षराष्ट्र *भएकोमा*, यहाँ उपरान्त "महासन्धी" भनिएको,

महासन्धीको पक्षराष्ट्रका सम्मेलनको सत्रौं सत्रको निर्णय १/सीपी.१७ ले स्थापित गरेको बृहत कार्यका लागि डर्बान मञ्चको उद्देश्य *अनुरुप*,

महासन्धीको लक्ष्य*प्राप्त गर्न*, विविध राष्ट्रिय परिस्थितिको सन्दर्भमा, यसको सिद्धान्त, अनि समता र विविध राष्ट्रिय परिप्रेक्षलाई मध्यनजर गर्दै साभा तर भिन्न दायित्व र सम्बन्धित क्षमताका सिद्धान्त समेतबाट निर्देशित भएर,

सबैभन्दा उत्तम उपलब्ध वैज्ञानिक ज्ञानको आधारमा जलवायु परिवर्तनको तत्कालीन जोखिम सम्बोधन गर्न आवश्यक प्रभावकारी एवं प्रगतिशील प्रतिकार्य *पहिचान गर्दै*,

विशेष गरेर जलवायु परिवर्तनका नकारात्मक प्रभावको उच्च जोखिममा रहेका, महासन्धीमा उल्लेख भए बमोजिम, विकासोन्मुख पक्षराष्ट्रका विशिष्ट आवश्यकता र विशेष परिस्थिति *समेत पहिचान गर्दै*,

लगानी एवं प्रविधि हस्तान्तरणको सम्बन्धमा अल्पविकसित देशहरुका विशिष्ट आवश्यकता र विशेष अवस्था *पुर्ण रुपमा मध्यनजर गर्दै*,

जलवायु परिवर्तन मात्र नभएर पक्षराष्ट्रहरुले, यसको सम्बोधनमा चालिएका प्रयासका प्रभावबाट समेत असर पर्न सक्दछ भन्ने *पहिचान गर्दै*,

जलवायु परिवर्तनसँग सम्बन्धित कारवाही, सम्बोधन र प्रभावको दिगो विकास र गरिवी निवारणमा समतामुलक पहुँचको अन्योन्याश्रित सम्बन्धमा *जोड दिँदै*,

खाद्य सुरक्षा कायम गर्ने एवं भोखमरी अन्त्य गर्ने आधारभुत प्राथमिकता र खाद्य उत्पादन प्रणालीलाई जलवायु परिवर्ननले पार्ने विशेष जोखिम *पहिचान गर्दै*,

राष्ट्रिय रुपमा परिभाषित विकासका प्राथमिकताका अनुकुल सम्मानजनक काम एवं गुणस्तरीय रोजगारीको सिर्जना तथा श्रमिक वर्गको न्यायपुर्ण संक्रमणको महत्व *ध्यानमा लिदै*,

जलवायु परिवर्तन मानव जातिको आम सरोकार हो भन्ने *स्वीकार गर्दै*, जलवायु परिवर्तन सम्बोधन गर्ने प्रयास अघि बढाउदा, मानव अधिकार, स्वास्थ्यको अधिकार, आदिवासी जनजाति, स्थानीय समुदाय, अप्रवासी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जोखिमपुर्ण अवस्थामा रहेका व्यक्तिहरुको अधिकार र विकास प्रतिको अधिकारका साथसाथै लैङ्गिक समानता, महिला सशक्तिकरण एवं पुस्ता पुस्ता बीचको समताका सवाललाई पक्षराष्ट्रहरुले सम्मान, सम्वर्द्धन एवं तत्सम्बन्धित दायित्व आत्मसाथ गर्नं पर्दछ,

महासन्धीमा उल्लेख भए बमोजिम, आवश्यकता अनुसार, हरितगृहका ग्यास भण्डारण र संग्रहको–महत्वलाई *पहिचान गर्दै* त्यसको संरक्षण एवं अभिवृद्धीको गर्ने,

महासागर सहित सबै पारिस्थितिकी तंत्रको स्वच्छता र जैविक विविधताको संरक्षण निश्चित गर्नको महत्व *जानकारीमा राख्दै*, र जलवायु परिवर्तन सम्बोधन गर्ने प्रयास अघि बढाउदा केही सँस्कृतिले पृथ्वी माता भनेर पहिचान गरेको र "जलवायद्र न्याय" का अवधारणा अनद्रसरण गर्ने महत्व जानकारीमा राख्दै,

यो संझौतामा सम्बोधन भएका सबै सवालका सम्बन्धमा, शिक्षा, तालिम, जनचेतना, जनसहभागिता, सबै तहका सुचना र सहकार्यमा सार्वजनिक पहुँचको महत्व*पुष्टि गर्दै*,

जलवायु परिवर्तन सम्बोधन गर्न, सबै पक्षराष्ट्रका राष्ट्रिय कानुन अनुकुल सरकारको सबै तह र विभिन्न सरोकारवालाको संलग्नताको महत्व *पहिचान गर्दै*,

विकसित देशका पक्षराष्ट्रको नेतृत्वमा, दिगो जीवनशैली र खपत र उत्पादनको दिगो ढाँचाले जलवायु परिवर्तन सम्बोधन गर्न महत्वपुर्ण भुमिका निर्वाह गर्दछ भन्ने समेत *पहिचान गर्दै*,

निम्नानुसार सहमति गरेका छन् :

# धारा १

यो संझौताको उद्देश्यको हकमा, महासन्धीको धारा १ मा समावेश परिभाषा लागु हुनेछ ।यसको साथै :

१. "महासन्धी" भन्नाले सन् १९९२ मईमा न्यु योर्कमा अवलम्बन गरिएको जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धी भन्ने बुझिन्छ ।

२. " पक्षराष्ट्रको सम्मेलन" भन्नाले महासन्धीका पक्षराष्ट्रको सम्मेलन भन्ने बुझिन्छ ।

३. " पक्षराष्ट्र" भन्नाले यो संझौताको पक्षराष्ट्र भन्ने बुझिन्छ ।

# धारा २

१. यो संझौता, महासन्धीको उदेश्य सहित, कार्यान्वयनको अवस्था सुदृढ गर्ने सन्दर्भमा, जलवायु परिवर्तनका जोखिम सम्बोधन गर्ने विश्वव्यापी लक्ष्य सशक्त तुल्याउन, दिगो विकास र गरिवी निवारणका प्रयासका सन्दर्भमा, निम्न कुराहरु समावेश गर्दै,

(क) विश्वव्यापी औसत तापक्रम वृद्धि पुर्व औद्योगिक तहभन्दा २ डिग्री सेल्सीयस भन्दा निकै तल कायम राख्नुका साथै पुर्व औद्योगिक तहभन्दा तापक्रम वृद्धि १.५ डिग्री सेल्सीयसमा कायम राख्ने प्रयास जारी राख्दै, यसबाट जलवायु परिवर्तनको जोखिम र असर प्रभावकारी रुपमा घटाउदछ भन्ने स्वीकारदै;

(ख) खाद्य उत्पादन जोखिममा नपर्ने गरी जलवायु परिवर्तनका नकारात्मक प्रभावबाट अनुकुलित हुने, जलवायु समानुकुलन अभिवृद्धी गर्ने र न्युन हरितगृह ग्यास उत्सर्जन विकास गर्ने;

(ग) न्युन हरितगृह ग्यास उत्सर्जन र जलवायु समानुकुलन विकास मार्ग अनुरुप वित्तीय प्रवाह कायम राख्ने;

२. विविध राष्ट्रिय अवस्थाका परिप्रेक्ष्यमा, समता र साझा तर भिन्न दायित्व तथा सम्बन्धित क्षमता प्रतिविम्बित तुल्याउने गरी यो संझौता कार्यान्वयन गरिनेछ ।

# धारा ३

जलवायु परिवर्तन सम्बोधनको विश्वव्यापी प्रयासमा राष्ट्रिय तहमा निश्चित गरिएका योगदानका रुपमा, सबै पक्षराष्ट्रहरुले यस संझौताको धारा २ मा प्रस्तुत गरिएका उद्देश्य प्राप्त गर्न धारा ४, ७, ९, १०, ११ र १३ मा परिभाषित गरिएका महत्वाकांक्षी प्रयास अबलम्बन गर्नका साथै संचार गर्नं पर्दछ ।सबै पक्षराष्ट्रका प्रयासले, यो संझौताको प्रभावकारी कार्यान्वयनका लागि विकासोन्मुख राष्ट्रलाई सहयोग गर्नं पर्ने आवश्यकता स्वीकार गर्दै, समय क्रमसँगै क्रमिक सुधारको प्रतिनिधित्व गर्नेछ ।

# धारा ४

१. धारा २ मा उल्लेख भएको दीर्घकालीन तापक्रमको लक्ष्य प्राप्त गर्न, पक्षराष्ट्रहरुले हरितगृह ग्यास उत्सर्जनको विश्वव्यापी उच्चतम बिन्दुमा यथाशिघ्र पुग्ने लक्ष्य लिनेछन्, यसो गर्दा विकासोन्मुख पक्षराष्ट्रलाई थप समय लाग्नेछ भन्ने अवस्था मनन् गरिनेछ, त्यसपश्चात शताब्दीको दोस्रो सत्रमा, उपलब्ध विज्ञानका सबैभन्दा उपयुक्त विकल्प ध्यानमा लिएर र समताको आधार तथा दिगो विकास एवं गरिवी निवारण गर्ने प्रयासलाई सन्दर्भमा लिदै तिब्र उत्सर्जन कटौती गरी मानव सृजित उत्सर्जनका स्रोतहरु र हरितगृह ग्यास भण्डारणको सन्तुलन हासिल गरिनेछ ।

२. प्रत्येक पक्षराष्ट्रले हरित गृह ग्यास उत्सर्जन कटौतीका क्रमिक राष्ट्रिय योजना आफुले प्राप्त गर्न खोजे अनुरुप तयारी, संचार र कायम गर्नं पर्दछ ।त्यस्ता योजनाका उद्देश्य प्राप्त गर्ने लक्ष्य लिएर, पक्षराष्ट्रहरुले आन्तरिक न्युनीकरणका प्रयास अघि बढाउनेछन् ।

३. विविध राष्ट्रिय अवस्थाका सन्दर्भमा, आफ्नै साझा तर भिन्न दायित्व तथा सम्बन्धित क्षमता प्रतिविम्बित गर्दै, क्रमिक रुपमा राष्ट्रिय तहमा तय गरिएका प्रत्येक पक्षराष्ट्रका क्रमिक योजनाले राष्ट्रिय तहमा तय गरिएको योगदान (NDC) भन्दा बृहत प्रगतिको प्रतिनिधित्व गर्दै सबैभन्दा उच्चतम महत्वाकांक्षा प्रतिविम्बित गर्नेछन्।

४. विकसित पक्षराष्ट्रले पुर्ण अर्थतन्त्रमा आधारित उत्सर्जन न्युनीकरण लक्ष्य प्राप्त गर्नमा नेतृत्वदायी भुमिका जारी राख्नु पर्दछ ।विकासोन्मुख पक्षराष्ट्रलाई समेत आफ्ना न्युनीकरण प्रयास अघि बढाउने क्रममा, विभिन्न राष्ट्रिय परिस्थिति मध्यनजर गर्दै समय अवधिसँगै पुर्ण अर्थतन्त्रमा आधारित उत्सर्जन न्युनीकरण वा सीमित लक्ष्यतर्फ अघि बढ्न प्रोत्साहित गरिन्छ ।

५. विकासोन्मुख पक्षराष्ट्रलाई दिइएको सहयोगको अभिवृद्धीले तिनका काम कारवाहीमा उच्च महत्वाकांक्षाको मार्ग प्रशस्त गर्दछ भन्ने पक्ष स्वीकार गर्दै, धारा ९, १० र ११ का आधारमा यो धारा कार्यान्वयन गर्न विकासोन्मुख देशका पक्षराष्ट्रलाई सहयोग उपलब्ध गराइनेछ ।

६. अल्पविकसित देश र साना टापु विकासोन्मुख राज्यले आफ्नो विशेष परिस्थिति प्रतिविम्बित हुने गरी न्युन हरितगृह उत्सर्जन विकासका लागि रणनीति, योजना र कारवाही तयारी गरी संचार गर्न सक्नेछन् ।

७. पक्षराष्ट्रहरुको अनुकुलन कार्य र/वा आर्थिक विविधीकरणका योजनाको प्रतिफल स्वरुप प्राप्त हुने न्युनीकरण सहलाभले यो धारा अन्तर्गतको न्युनीकरण नतिजालाई योगदान पुऱ्याउन सक्दछ ।

८. राष्ट्रिय तहमा तय गरिएको योजना (NDC)संचार गर्दा, निर्णय १/सीपी.२१ र पेरिस संझौताका पक्षराष्ट्रहरुको सम्मेलनको कुनै पनि सान्दर्भिक निर्णयहरु अनुकुल सबै पक्षराष्ट्रहरुले स्पष्टता, पारदर्शीता र समझदारीका साथ आवश्यक सुचना उपलब्ध गराउनु पर्दछ ।

९. निर्णय १/सीपी.२१ र पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनको कुनै पनि सान्दर्भिक निर्णयहरु अनुकुल प्रत्येक पक्षराष्ट्रले प्रत्येक पाँच वर्षमा राष्ट्रिय तहमा तय गरिएको योगदान (NDC) जानकारी गराउनु पर्दछ र धारा १४ मा उल्लेख भए बमोजिम विश्वव्यापी समीक्षाको नतिजाहरुबाट सुचित भएकोहुनु पर्दछ ।

१०. पेरिस संझौताका पक्षराष्ट्रहरुको सम्मेलनको, पहिलो सत्रमा, राष्ट्रिय तहमा तय गरिएको योगदान का लागि समान समय अवधि तोकिनेछ ।

११. पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले अवलम्बन गरेको निर्देशिका अनुसार, आफ्नो लक्ष्य अभिवृद्धी गर्न कुनै पनि पक्षराष्ट्रले विद्यमान राष्ट्रिय तहमा तय गरिएको योगदान समीक्षा गर्न सक्दछ ।

१२. सचिवालयले कायम राखेको अभिलेखालयमा, पक्षराष्ट्रहरुले बुझाएका राष्ट्रिय तहमा तय गरिएको योगदानको अभिलेख राखिनेछ ।

१३. राष्ट्रिय तहमा तय गरिएको योगदान प्रति पक्षराष्ट्रहरु जिम्मेवार रहनेछन् ।पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले अवलम्बन गरेको निर्देशिका अनुसार, पक्षराष्ट्रहरुले वातावरणीय स्वच्छता, पारदर्शीता, शुद्धता, पुर्णता, तुलना र नियमितता प्रवर्द्धन गर्नेछन् भने दोहोरो मापनको संभावनाबाट टाढै रहेर राष्ट्रिय रुपमा निर्धारित योगदान अनुकुल मानवीय उत्सर्जन र निराकरण ध्यानमा राख्नेछन् ।

१४. राष्ट्रिय तहमा तय गरिएको योगदानका सन्दर्भमा, मानवीय उत्सर्जन र निराकरणलाई लिएर न्युनीकरण प्रयास पहिचान एवं कार्यान्वयन गर्ने सवालमा, उपयुक्तता मध्यनजर गर्दै, पक्षराष्ट्रहरुले महासन्धी अन्तर्गतको विधि र निर्देशिका ध्यानमा लिनु पर्दछ ।

१५. यो संझौता कार्यान्वयन गर्ने सन्दर्भमा, सम्बोधन प्रयासबाट बढी प्रभावित अर्थतन्त्रका पक्षराष्ट्र, विशेष गरेर विकासोन्मुख पक्षराष्ट्र देशका सरोकारलाई ध्यानमा लिइनेछ ।

१६. यो धाराको अध्याय २ अन्तर्गत संयुक्त रुपमा काम गर्न सहमति जनाउने, विशेष गरेर क्षेत्रीय आर्थिक एकीकृत संगठन र तिनका सदस्य राष्ट्र सहितका, पक्षराष्ट्रहरुले राष्ट्रिय तहमा तय गरिएको योगदान बारे जानकारी गराउने क्रममा सचिवालयलाई, निश्चित समय अवधिभित्र संझौताका शर्तबारे जानकारी गराउनु पर्दछ ।सचिवालयले त्यस उपरान्त महासन्धीका पक्षराष्ट्रहरु र हस्ताक्षरकर्तालाई उक्त संझौताका शर्तबारे जानकारी गराउनेछ ।

१७. यो धारा र धारा १३ र १५ का अनुच्छेद १३ र १४ अनुसार माथि अनुच्छेद १६ मा उल्लेख गरिएको संझौताका शर्त बमोजिम प्रत्येक पक्ष आफ्नो उत्सर्जन तहप्रति जिम्मेवार रहनेछन् ।

१८. यदि पक्षराष्ट्रहरु संयुक्त रुपमा कार्यरत रहने हो भने, आफैंमा पक्षराष्ट्र रहेको क्षेत्रीय आर्थिक एकीकृत संगठनसँग एकसाथ, क्षेत्रीय आर्थिक एकीकृत संगठनका प्रत्येक सदस्य राष्ट्रले व्यक्तिगत रुपमा र क्षेत्रीय आर्थिक एकीकृत संगठनसँग एकसाथमा, यो धारा र धारा १३ र १५ का अनुच्छेद १३ र १४ अनुसार माथि अनुच्छेद १६ मा उल्लेख गरिएको संझौताका शर्त बमोजिम आफ्नो उत्सर्जन तहप्रति जिम्मेवार रहनेछन् ।

१९. विविध राष्ट्रिय सन्दर्भको अवस्थामा, साझा तर भिन्न दायित्व तथा सम्बन्धित क्षमता ध्यानमा राखेर सबै पक्षराष्ट्रहरुले धारा २ अनुरुप, दीर्घकालीन न्युन हरितगृह ग्यास उत्सर्जन विकास रणनीति तर्जमा र संचार गर्न प्रयासरत रहनु पर्दछ ।

# धारा ५

१. बन लगायत महासन्धीको अनुच्छेद १(घ), धारा ४ मा उल्लेख भए बमोजिम, पक्षराष्ट्रहरुले, उपयुक्तता अनुरुप, हरितगृहका ग्यास संचिती र भण्डारणको संरक्षण र अभिवृद्धी गर्न कारवाही अगाडि बढाउनेछन् ।

२. नतिजामा आधारित भुक्तानी सहित, महासन्धी अन्तर्गत अगावै सहमति गरिएको सम्बन्धित निर्देशन र निर्णयमा उल्लेख गरिए अनुरुप विद्यमान रुपरेखा कार्यान्वयन तथा समर्थन गर्न पक्षराष्ट्रहरुलाई प्रेरित गरिएको छ : विकासोन्मुख देशहरुमा वन विनास र वन अवमुल्यन, संरक्षणको भुमिका, वनको दिगो व्यवस्थापन र बनजन्य कार्वनको मात्रा अभिवृद्धी; र वनको महत्वपुर्ण तथा दिगो व्यवस्थापन जस्ता संयुक्त न्युनीकरण एवं अवलम्बन नीति जस्ता वैकल्पिक नीतिगत अवधारणा, त्यस्ता गैर कार्वन फाईदाहरु सँग सम्बन्धित अवधारणालाई, उपयुक्तता अनुरुप, प्रेरणा दिने कार्य निश्चित गरेर ।

# धारा ६

१. राष्ट्रिय तहमा तय गरिएको योगदान कार्यान्वयनमा न्युनीकरण एवं अनुकुलन कार्यमा बढोत्तरी गराउन र दिगो विकास एवं वातावरणीय स्वच्छता प्रवर्द्धन गर्न केही पक्षराष्ट्रहरुले स्वेच्छिक सहकार्य गर्दछन् भन्ने पक्षराष्ट्रले स्वीकार गर्दछन् ।

२. पक्षराष्ट्रहरु, स्वेच्छिक रुपमा सहकारी अवधारणा अनुरुप संलग्न भई राष्ट्रिय तहमा तय गरिएको योगदानको कार्यान्वयनमा अन्तर्राष्ट्रिय रुपमा हस्तान्तरण भएको प्रतिफल प्रयोग गर्दा, शासन पद्धतिमा समेत दिगो विकासको प्रवर्द्धन र वातावरणीय स्वच्छता एवं पारदर्शीता निश्चित गरिएको हुन्छ, र पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले

अवलम्बन गरेको निर्देशिका अनुसार, सशक्त लेखा प्रणाली लागु गरेर, परस्पर रुपमा, दोहोरो गणना निरुत्साहित गरिनेछ ।

३. यो संझौता अन्तर्गत, राष्ट्रिय तहमा तय गरिएको योगदान प्राप्त गर्न अन्तर्राष्ट्रिय रुपमा हस्तान्तरण गरिएको न्युनीकरणको प्रतिफलको प्रयोग स्वेच्छिक हुन्छ र सहभागी पक्षराष्ट्रहरुले वैद्यानिकता दिएको हुनेछ ।

४. हरितगृह ग्यास उत्सर्जन न्युनीकरण र दिगो विकासमा सहयोग गर्ने संयन्त्र पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले, स्वैच्छिक रुपमा पक्षराष्ट्रहरुले प्रयोग गर्ने गरी अवलम्बन गरेको अधिकार र निर्देशिका अनुसार स्थापित गरिएकोछ ।पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले स्थापित गरेको निकायले यसको सुपरिवेक्षण गर्नेछ र निम्न लक्ष्य अवलम्बन गरिनेछ :

(क) दिगो विकास अभिवृद्धी गर्दै हरितगृह ग्यास उत्सर्जन न्युनीकरणको प्रवर्द्धन गर्ने;

(ख) पक्षराष्ट्रले अधिकार दिएको सार्वजनिक र नीजि निकायले हरितगृह ग्यास उत्सर्जनको न्युनीकरणमा उत्प्रेरणा दिलाउदै सहभागिता सहजीकरण गर्ने;

(ग) राष्ट्रिय तहमा तय गरिएको योगदान परिपुर्ति गर्न अर्को पक्षराष्ट्रले समेत प्रयोग गर्न सक्ने गरी, उत्सर्जन न्युनीकरणमा प्रतिविम्बित हुने न्युनीकरणका गतिविधिमा लाभ हुने गरी आयोजक पक्षराष्ट्र भित्र नै उत्सर्जन तह न्युनीकरण गर्न योगदान पुऱ्याउने; र

(घ) विश्वव्यापीरुपमा समग्र उत्सर्जन न्युनीकरण गर्ने ।

५. यो धाराको अनुच्छेद ४ मा उल्लेख भएको संयन्त्रका कारण भएको उत्सर्जन न्युनीकरण, अर्को पक्षराष्ट्रले राष्ट्रिय तहमा तय गरिएको योगदानको उपलब्धि प्रदर्शन गर्न प्रयोग गरेको खण्डमा, राष्ट्रिय तहमा तय गरिएको योगदान सम्बन्धी आयोजक पक्षराष्ट्रको उपलब्धि प्रदर्शन गर्न प्रयोग गरिने छैन ।

६. यो धाराको अनुच्छेद ४ मा उल्लेख भएको संयन्त्रका गतिविधिबाट प्राप्त लाभांशको अंश प्रशासनिक खर्च पुर्ति गर्न र अनुकुलन वापतको खर्च पुरा गर्नेतर्फ मुलतः जोखिममा रहेका विकासोन्मुख पक्षराष्ट्रलाई सहयोग गर्न पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले निश्चित गर्नेछ ।

७. यो धाराको अनुच्छेद ४ को प्रथम सत्रमा उल्लेख भएको संयन्त्रका नियम, खाका र प्रक्रियाहरु पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले अवलम्बन गर्नेछ ।

८. राष्ट्रिय तहमा तय गरिएको योगदान कार्यान्वयनमा सहयोग पुऱ्याउन, उपयुक्तता अनुरुप, परस्पर रुपमा, संयोजित एवं प्रभावकारी रुपमा, न्युनीकरण, अनुकुलन, अर्थ, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धी समेत गरी दिगो विकास र गरिवी निवारणको सन्दर्भमा, पक्षराष्ट्रहरुले एकीकृत, समग्र र सन्तुलित गैरबजारीकरण अवधारणाको महत्व स्वीकार गर्छन् ।यी अवधारणाका लक्ष्य निम्न छन् :

(क) न्युनीकरण तथा अनुकुलन लक्ष्य प्रवर्द्धन गर्ने;

(ख) राष्ट्रिय तहमा तय गरिएको योगदान कार्यान्वयनमा सार्वजनिक तथा नीजि क्षेत्रको सहभागिता अभिवृद्धि गर्ने; र

(ग) संयन्त्र र सान्दर्भिक संस्थागत प्रबन्ध बीचमा संयोजनका अवसर सक्रिय तुल्याउने ।

९. दिगो विकासका लागि गैरबजारीकरण अवधारणाका खाका, यो धाराको अनुच्छेद ८ मा उल्लेख भएको गैरबजारीकरण अवधारणा प्रवर्द्धन गर्ने गरी यहाँ परिभाषा गरिएको छ ।

# धारा ७

१. धारा २ मा उल्लेख गरिएको तापक्रम लक्ष्यको सन्दर्भमा पक्षराष्ट्रहरुले दिगो विकास र उपयुक्त अनुकुलन सम्बोधन निश्चित गर्नमा सहयोग गर्ने दृष्टिकोणले जलवायु परिवर्तनसँग सम्बन्धित अनुकुलन क्षमता, समानुकुलन सबलीकरण

र जोखिम न्युनीकरण अभिवृद्धी गर्ने अनुकुलनका विश्वव्यापी लक्ष्य स्थापित गरेका छन् ।

२. पक्षराष्ट्रहरुले अनुकुलन सबैले सामना गर्नुपरिरहेको स्थानीय, उपराष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय आयाम भएको विश्वव्यापी चुनौति हो र यसले विशेष रुपमा जोखिम परेका विकासोन्मुख पक्षराष्ट्रका जरुरी र तत्कालिक आवश्यकता ध्यानमा लिएर  दीर्घकालीनरुपमा जलवायु परिवर्तन सम्बोधन गरी जनता, जीविकोपार्जन र पारिस्थितिकी तंत्र संरक्षण गर्न महत्वपुर्ण योगदान पुऱ्याउने प्रमुख पाटो भएको स्वीकार्दछन् ।

३. पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनको पहिलो सत्रद्वारा अनद्रसरण गरिने खाका अनद्रसार, विकासोन्मद्रख पक्षराष्ट्ररुका अनुकुलन प्रयासको कदर गरिनेछ ।

४. वर्तमान अनुकुलन आवश्यकता अन्यन्त धेरै रहेको र न्युनीकरणका बृहत्तर प्रयासबाट अतिरिक्त अनुकुलन प्रयासका आवश्यकता कम हुने र थप अनुकुलन कार्यका लागि बृहत अनुकुलन लागत आवश्यक पर्ने पक्षराष्ट्रहरु स्वीकार गर्छन् ।

५. पक्ष राष्ट्रहरु, अनुकुलन कार्यहरु गर्दा राष्ट्र निर्देशित, लैङ्गिक उत्तरदायी, सहभागीमुलक एवं पुर्ण रुपमा पारदर्शी अवधारणाका आधारमा संचालन गरिनु पर्ने स्वीकार गर्दछन् जसले जोखिममा परेका समुह, समुदाय र पारिस्थितिकी तंत्रलाई मध्यनजर गर्दै, र उपलब्ध भएकामध्ये सबैभन्दा उपयुक्त विज्ञानको विकल्पबाट, र उपयुक्तता अनुरुप, परम्परागत ज्ञान, आदिवासी जनजातिका ज्ञान र स्थानीय ज्ञान प्रणालीबाट निर्देशित रहनु पर्दछ ।

६. अनुकुलन प्रयासमा अन्तर्राष्ट्रिय सहकार्य र सहयोगको महत्वका साथै, खास गरेर जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट विशेष जोखिममा रहेका विकासोन्मुख पक्षराष्ट्रको आवश्यकता ध्यानमा लिनुपर्ने पक्षराष्ट्रहरु स्वीकार गर्दछन् ।

७. कान्कुन अनुकुलन खाकाका ध्यानमा राखेर, निम्न उल्लेखित सन्दर्भमा समेत अनुकुलन सम्बन्धी कार्य अभिवृद्धी गर्न पक्षराष्ट्रहरुले आफ्नो सहकार्य सशक्त तुल्याउनु पर्दछ :

(क) अनुकुलन कार्यको सुचना, सफल अभ्यास, अनुभव र सिकेका पाठ र उपयुक्त भएसम्म तिनका विज्ञान, योजना निर्माण, नीति र कार्यान्वयनपक्ष संगको सम्बन्ध आदान प्रदान गर्ने;

(ख) यो संझौतालाई सहयोग गर्ने महासन्धीका संस्थागत व्यवस्था सहित, सान्दर्भिक सुचना र ज्ञानको संश्लेषणका साथै पक्षराष्ट्रहरुका लागि प्राविधिक सहयोग र निर्देशनको प्रावधानको पक्षमा सहयोग पुऱ्याउन संस्थागत व्यवस्था सशक्त तुल्याउने;

(ग) जलवायु सेवालाई सुचित गर्ने र निर्णय प्रक्रियामा सहयोग पुऱ्याउने तवरमा जलवायु प्रणालीको अनुसन्धान, क्रमवद्ध अवलोकनका साथै जलवायु सम्बन्धी वैज्ञानिक ज्ञान र पुर्व चेतावनी दिने प्रणाली सशक्त तुल्याउने;

(घ) असल अभ्यासलाई निरन्तर प्रोत्साहन पुग्ने गरी प्रभावकारी अनुकुलन अभ्यास, अनुकुलन आवश्यकता, प्राथमिकता, अनुकुलन कार्य र प्रयासका लागि उपलब्ध र प्राप्त सहयोग, र चुनौति तथा अभाव पहिचान गर्न विकासोन्मुख पक्षराष्ट्रलाई सहयोग पुऱ्याउने;

(ङ) अनुकुलन कार्यका प्रभावकारिता र स्थायीत्वमा सुधार ल्याउने ।

८. यो धाराको अनुच्छेद ५ को प्रावधान ध्यानमा राख्दै, यो धाराको अनुच्छेद ७ मा उल्लेख भएको कार्य कार्यान्वयन गर्ने पक्षराष्ट्रहरुको प्रयासमा सहयोग पुऱ्याउन संयुक्त राष्ट्र संघीय विशेष संगठन र निकायलाई प्रोत्साहित गरिन्छ ।

९. प्रत्येक पक्षराष्ट्र, उपयुक्तता अनुरुप, सान्दर्भिक योजना, नीति र/वा योगदानको विकास र परिमार्जन समेत गरी अनुकुलन योजना तर्जुमा प्रक्रिया र कार्यान्वयनमा संलग्न हुनेछन् ।जस अन्तर्गत निम्नानुसार समावेश हुन सक्नेछन् :

(क) अनुकुलन कार्य, उपक्रम र/वा प्रयत्नको कार्यान्वयन;

(ख) राष्ट्रिय अनुकुलन योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रक्रिया;

(ग) जोखिममा रहेका जनता, स्थान र पारिस्थितिकी तंत्र ध्यानमा राखेर, राष्ट्रिय रुपमा तय गरिएको प्राथमिकताका कार्य तर्जुमा गर्ने उद्देश्य सहित जलवायु परिवर्तनका प्रभाव र जोखिम मुल्याङ्कन;

(घ) अनुकुलन योजना, नीति, कार्यक्रम र कार्यका अनुगमन र मुल्याङ्कन तथा सिकाई; र

(ङ) आर्थिक विविधीकरण र प्राकृतिक श्रोतका दिगो व्यवस्थापन सहित सामाजिक आर्थिक तथा पर्यावरणीय प्रणालीको समानुकुलन निर्माण गर्ने ।

१०. विकासोन्मुख पक्षराष्ट्रका लागि थप भार सिर्जना नहुने गरी, प्रत्येक पक्षराष्ट्रले, उपयुक्तता अनुरुप, आफ्ना प्राथमिकता, कार्यान्वयन र आवश्यक सहायता, योजना र कार्यक्रम संलग्न गरी समय समयमा अनुकुलन संचार प्रस्तुत र अद्यावधिक गर्नं पर्दछ ।

११. यो धाराको अनुच्छेद १० मा उल्लेख भएको अनुकुलन संचार, उपयुक्तता अनुरुप, धारा ४ को अनुच्छेद २ मा उल्लेख भएको राष्ट्रिय अनुकुलन योजना, राष्ट्रिय स्तरमा तय गरिएका योगदान सहित अन्य संचार वा दस्तावेजको अंश वा राष्ट्रिय संचारका रुपमा समय समयमा प्रस्तुत र अद्यावधिक गरिने छ ।

१२. यो धाराको अनुच्छेद १० मा उल्लेख भएको अनुकुलन संचार सचिवालयले कायम राखेको सार्वजनिक अभिलेखालयमा राखिनेछ ।

१३. धारा ९, १० र ११ का प्रावधानका आधारमा, यो धाराको अनुच्छेद ७, ९, १० र ११ को कार्यान्वयन लागि विकासोन्मुख पक्षराष्ट्र देशलाई निरन्तर र परिस्कृत अन्तर्राष्ट्रिय सहयोग उपलब्ध गराइनेछ ।

१४. धारा १४ मा उल्लेख गरिएको विश्वव्यापी बस्तुगत अवस्थाले निम्न कार्य गर्नेछ :

(क) विकासोन्मुख पक्षराष्ट्रका अनुकुलन प्रयासलाई मान्यता दिने;
(ख) यो धाराको अनुच्छेद १० मा उल्लेख भएको अनुकुलन संचार ध्यानमा लिएर अनुकुलन कार्यको कार्यान्वयन परिस्कृत तुल्याउने;
(ग) अनुकुलन र अनुकुलनका लागि उपलब्ध सहयोगको उपयुक्तता र प्रभावकारिता समीक्षागर्ने; र
(घ) यो धाराको अनुच्छेद १ मा उल्लेख गरिएको अनुकुलनका विश्वव्यापी लक्ष्यको बृहत प्रगति समीक्षागर्ने ।

# धारा ८

१. पक्ष राष्ट्रहरुले जलवायु परिवर्तनका नकरात्मक प्रभावसँग जोडिएको हानी तथा नोक्सानी, संगै विषम मौसमी घटना तथा लामो समयाबधीमा देखापर्ने घटनाहरु रोक्नु, कम गर्नु तथा सम्बोधन गर्नुको आवश्यकताका र हानी तथा नोक्सानी न्युनीकरण गर्नमा दिगो विकासको भुमिका स्वीकार गरेकाछन् ।

२. जलवायु परिवर्तनका प्रभावसँग जोडिएको हानी तथा नोक्सानी सम्बन्धी वार्शा अन्तर्राष्ट्रिय संयन्त्र, पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनको अधिकार र निर्देशन अधिन रहनेछ, र पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले निर्धारण गरे बमोजिम परिस्कृत र सशक्त तुल्याइनेछ ।

३. जलवायु परिवर्तनका नकरात्मक प्रभावसंग जोडिएको हानी तथा नोक्सानीका हकमा, उपयुक्तता अनुरुप, वार्शा अन्तर्राष्ट्रिय संयन्त्रमार्फत समेत साझा तथा सहजीकरणको आधारमा पक्षराष्ट्रहरुले समझदारी, कारवाही र सहयोग अभिवृद्धी गर्नं पर्दछ ।

४. तदनुसार, समझदारी, कारवाही र सहयोग अभिवृद्धी गर्नलाई, सहकार्य र सहजीकरणका क्षेत्र निम्नानुसार हुन सक्दछन् :

(क) पुर्व चेतावनी दिने प्रणाली;
(ख) आपतकालीन तयारी;
(ग) ढीला आरम्भहुने घटना;
(घ) अपुरणीय र स्थायी हानी तथा नोक्सानीका घटनाक्रम;
(ङ) विस्तृत जोखिम मुल्याङ्कन र व्यवस्थापन;
(च) जोखिम वीमा सुविधा, विमाको माध्यमबाट जलवायु जोखिम व्यवस्थापन र अन्य वीमा समाधान;
(छ) गैरआर्थिक नोक्सानी;
(ज) समुदाय, जीविकोपार्जन र पारिस्थितिकी तंत्रको समानुकुलन ।

५. वार्शाः अन्तर्राष्ट्रिय संयन्त्रले संझौता अन्तर्गतका विद्यमान निकाय र विज्ञको समुह र संझौता बाहिरका सान्दर्भिक संघ संस्था र विज्ञ निकायसँग सहकार्य गर्नेछ ।

# धारा ९

१. महासन्धी अन्तर्गत विद्यमान दायित्वलाई निरन्तरता दिंदै विकसित पक्षराष्ट्रहरुले; न्युनीकरण र अनुकुलन दुवैकालागि विकासोन्मुख पक्षराष्ट्रहरुलाई आर्थिक श्रोत उपलब्ध गराउनेछन् ।

२. अन्य पक्षराष्ट्रहरुलाई समेत स्वेच्छीक रुपमा त्यस्ता सहयोग उपलब्ध गराउन वा निरन्तरता दिन प्रोत्साहित गरिनेछ ।

३. विश्वव्यापी पहलकदमीको हिस्सा अर्न्तगत, विकसित पक्षराष्ट्रहरुले विविध श्रोत, संयन्त्र र माध्यमबाट जलवायु वित्त परिचालनमा नेतृत्वदायी भुमिका निर्वाह गर्नेछन्, त्यसकालागि सार्वजनिक कोषको महत्वपुर्ण भुमिका ध्यानमा राख्दै, विविध कार्यहरुको माध्यमबाट, देश केन्द्रीत रणनीति र विकासोन्मुख पक्षराष्ट्रहरुको प्राथमिकता मध्यनजर गर्नेछन् ।जलवायु वित्तको त्यस्तो परिचालन विगतका प्रयासभन्दा बढी हुनु पर्दछ ।

४. आर्थिक श्रोत वृद्धि गर्ने प्रावधानले अनुकुलन र न्युनीकरण बीच सन्तुलन कायम गर्ने प्रयास गर्नं पर्दछ, त्यसो गर्दा अनुकुलनका सार्वजनिक र अनुदानमा आधारित श्रोतका आवश्यकता ध्यानमा राख्दै, देश केन्द्रीत रणनीति र विकासोन्मुख पक्षराष्ट्रहरु, विशेष गरेर जलवायु परिवर्तनका नकरात्मक प्रभावको जोखिममा रहेका र निश्चित क्षमता अभाव भएका अल्प विकसित देश र विकासोन्मुख साना टापु राज्यहरुको प्राथमिकता मध्यनजर गरिनुपर्दछ ।

५. विकसित पक्षराष्ट्रहरुले प्रत्येक दुई वर्षमा, उपयुक्तता अनुरुप, उपलब्धताका आधारमा, विकासोन्मुख पक्षराष्ट्रहरुलाई उपलब्ध गराइने प्रक्षेपण गरिएका सार्वजनिक आर्थिक श्रोतको मात्रा सहित, यो धाराको अनुच्छेद १ र ३ सँग सम्बन्धित गुणात्मक तथा मात्रात्मक सुचना जानकारी गराउनु पर्दछ ।श्रोत उपलब्ध गराउने अन्य पक्षराष्ट्रहरुलाई, प्रत्येक दुई वर्षमा, त्यस्ता सुचना स्वेच्छीक रुपमा जानकारी गराउन प्रोत्साहित गरिनेछ ।

६. धारा १४ मा उल्लेख गरिएको विश्वव्यापी बस्तुगत अवस्थाले विकसित देश पक्षराष्ट्र र/वा संभ्कौताका निकायहरुले जलवायद्र वित्तबारे उपलब्ध गराएको सान्दर्भिक सुचना जानकारीमा राख्नेछ ।

७. धारा १३ को अनुच्छेद १३ मा उल्लेख भए बमोजिम, पेरिस संभ्कौताको पक्षराष्ट्रहरुको सम्मेलनको पहिलो सत्रले अवलम्बन गरेको खाका, प्रक्रिया र निर्देशन अनुरुप, विकसित पक्षराष्ट्रहरुले सार्वजनिक कार्यमार्फत विकासोन्मुख पक्षराष्ट्रहरुलाई गरेको सहयोग दई वर्षको एक पटक पारदर्शी र सुसंगत सुचना उपलब्ध गराउनेछन् ।अन्य पक्षराष्ट्रहरुलाई समेत सोही कार्य गर्न प्रोत्साहित गरिएको छ ।

८. महासन्धीको आर्थिक संयन्त्र र यसका परिचालन निकायहरुले यो संभ्कौताको आर्थिक संयन्त्रको रुपमा सेवा उपलब्ध गराउनेछन् ।

९. महासन्धीको आर्थिक संयन्त्रका परिचालन निकाय सहित, यो संभ्कौतामा सेवा उपलब्ध गराउने संस्थाहरुले विकासोन्मुख पक्षराष्ट्रहरु, विशेष गरेर अल्पविकसित देश र विकासोन्मुख साना टापु देशका राष्ट्रिय जलवायु रणनीति र योजनाका सन्दर्भमा,सरलीकृत अनुमोदन प्रक्रिया र सशक्त तयारी सहायतामार्फत वित्तीय श्रोतमा प्रभावकारी पहुँच निश्चित गर्ने लक्ष्य अवलम्बन गर्नेछन् ।

# धारा १०

१. हरितगृह ग्यास उत्सर्जन न्युनीकरण गर्न र जलवायु परिवर्तन समानुकुलन सुढृद गर्नका लागि प्रविधि विकास तथा हस्तान्तरण पुर्ण रुपमा प्राप्त गर्नको महत्वबारे पक्षराष्ट्रहरुबीच समान दीर्घकालीन दृष्टि कायम छ ।

२. यस संभ्कौता अन्तर्गत न्युनीकरण र अनुकुलन कार्य कार्यान्वयन गर्ने तथा विद्यमान प्रविधि प्रवाह र संचार प्रयास गर्ने प्रयासका महत्व जानकारीमा लिएर, पक्षराष्ट्रहरुले प्रविधि विकास र हस्तान्तरणका साभ्का कार्य सशक्त तुल्याउनेछन् ।

३. महासन्धी अन्तर्गत स्थापित प्रविधि संयन्त्रले यो संभ्कौतालाई सेवा पुऱ्याउनेछ ।

४. यो धाराको अनुच्छेद १ मा उल्लेख भएको दीर्घकालीन दृष्टितर्फको प्रयास बमोजिम, यो संभ्कौता कार्यान्व्यनमा सहयोग पुऱ्याउने हेतुले, प्रविधि विकास र हस्तान्तरणका सशक्त कार्य प्रवर्द्धन र सहजीकरणमा प्राविधिकका कार्यमा बृहत निर्देशन उपलब्ध गराउन प्रविधि संयन्त्र स्थापित गरिएको छ ।

५. जलवायु परिवर्तन सम्बन्धी प्रभावकारी, दीर्घकालीन विश्वव्यापी सम्बोधन र आर्थिक वृद्धि तथा दिगो विकास प्रवर्द्धन गर्नेतर्फ सिर्जनात्मक कार्यलाई प्रवेग, प्रोत्साहनका साथ मार्ग प्रशस्त गर्न महत्वपुर्ण हुनेछ ।यस्ता प्रयास, उपयुक्तता

अनुरुप, सहयोगको रुपमा, प्रविधि संयत्र र आर्थिक माध्यमबाट, महासन्धीको आर्थिक संयन्त्रमार्फत, अनुसन्धान र विकासका लागि, सहकार्यात्मक अवधारणाका लागि, र प्रविधिमा पहुँचका लागि सहजीकरण गर्दै, विशेष गरेर प्रविधि चक्रको प्रारम्भिक चरणका लागि विकासोन्मुख पक्षराष्ट्रका लागि उपलब्ध गराइनेछ ।

६. अनुकुलन र न्युनीकरण बीच सन्तुलन प्राप्त गर्ने उद्देश्य सहित, प्रविधि चक्रको विभिन्न तहका प्रविधि विकास र हस्तान्तरणमा सहकार्यात्मक कार्य सशक्त तुल्याउदै, यो धाराको कार्यान्वयनका लागि आर्थिक लगायतका सहयोग, विकासोन्मुख पक्षराष्ट्रहरुलाई उपलब्ध गराइनेछ ।धारा १४ मा उल्लेख भएको विश्वव्यापी बस्तुगत अवस्थाले, विकासोन्मुख पक्षराष्ट्रहरुलाई गरिएका प्रविधि विकास र हस्तान्तरण सहयोगका प्रयाससँग सम्बन्धित सुचना जानकारीमा राख्नेछ ।

# धारा ११

१. यो संभौता अन्तर्गतको क्षमता अभिवृद्धीले, विशेष गरेर न्युन क्षमता भएका अल्पविकसित देश, र विकासोन्मुख साना टापु राज्य लगायतका जलवायु परिवर्तनका नकरात्मक प्रभावबाट विशेष रुपमा जोखिममा रहेका विकासोन्मुख पक्षराष्ट्रहरुको परस्पर रुपमा, अनुकुलन र न्युनीकरण कार्य कार्यान्वयन गर्न, र जलवायु परिवर्तन कार्य प्रभावकारी रुपमा अघि बढाउन, प्रविधि विकास, संचार र परिचालन, जलवायु परिवर्तन लगानीमा पहुँच, शिक्षा, तालिम र जनचेतना, र पारदर्शी, समय अनुकुल र सही सुचनाका संचारका लागि क्षमता र योग्यता सशक्त तुल्याउनु पर्दछ ।

२. क्षमता अभिवृद्धि, विशेष गरेर विकासोन्मुख पक्षराष्ट्रहरुका राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय तहमा देश प्रेरित र राष्ट्रिय आवश्यकताप्रति उत्तरदायी रहदै, र पक्षराष्ट्रहरु बीच स्वामित्व विकास गर्न सक्नु पर्दछ ।क्षमता अभिवृद्धी, महासन्धी अन्तर्गतको क्षमता अभिवृद्धी गतिविधिबाट समेत, उपलब्ध सिकाईबाट निर्देशित रहनु पर्दछ, र सहभागीमुलक, बृहत र लैङ्गिक उत्तरदायी रहदै प्रभावकारी एवं निरन्तर प्रक्रिया रहनु पर्दछ ।

३. यो संभौता कार्यान्वयन गर्न सबै पक्षराष्ट्रहरुले विकासोन्मुख पक्षराष्ट्रहरुको क्षमता अभिवृद्धी गर्नेतर्फ सहयोग गर्नं पर्दछ ।विकसित पक्षराष्ट्रले विकासोन्मुख पक्षराष्ट्रमा क्षमता अभिवृद्धी कार्य गर्न सहयोग बढोत्तरी गर्नं पर्दछ ।

४. क्षेत्रीय, द्धिपक्षीय र बहुपक्षीय अवधारणा मार्फत यो संभौता कार्यान्वयन गर्न विकासोन्मुख पक्षराष्ट्रको क्षमता अभिवृद्धी गर्ने सबै पक्षराष्ट्रहरुले सो सम्बन्धी कार्य वा प्रयासबारे नियमित रुपमा जानकारी गराउनेछन् ।यो संभौता लागु गर्ने सन्दर्भमा गरिएका क्षमता अभिवृद्धी योजना, नीति, कार्य वा प्रयासहरु बारे विकासोन्मुख पक्षराष्ट्रहरुले नियमित रुपमा जानकारी गराउनु पर्दछ ।

५. यो संभौतालाई सहयोग पुऱ्याउन, यो महासन्धी अन्तर्गत स्थापित उपयुक्त संस्थागत व्यवस्था सहित, उपयुक्त संस्थागत व्यवस्थाबाट क्षमता अभिवृद्धी गतिविधि सशक्त तुल्याइनेछ ।पेरिस संभौताको पक्षराष्ट्रहरुको सम्मेलनको, पहिलो सत्रले क्षमता अभिवृद्धीका लागि प्रारम्भिक संस्थागत व्यवस्था सम्बन्धी निर्णय ध्यानमा लिदै अनुसरण गर्नेछ ।

# धारा १२

यो संभौता अन्तर्गतका कार्य सशक्त तुल्याउनेतर्फ निम्न कदम चाल्नुको महत्व पहिचान गर्दै, जलवायु सम्बन्धी शिक्षा, तालिम, जनचेतना, जनसहभागिता र सुचनामा सार्वजनिक पहुँच अभिवृद्धी गर्न, पक्षराष्ट्रहरुले, उपयुक्तता अनुरुप कारवाही अगाडि बढाउने छन् ।

# धारा १३

१. आपसी विश्वास र समभ्रदारी निर्माण गर्न एवं कार्यान्वयन सशक्त तुल्याउन, पक्षराष्ट्रहरुको विविध क्षमता ध्यानमा लिने र सामुहिक अनुभव अभिवृद्धी गर्ने, आन्तरिक लचकता भएको, कार्य र सहयोगका लागि सशक्त पारदर्शी खाका, यहाँनेर स्थापित गरिन्छ ।

२. विकासोन्मुख पक्षराष्ट्रलाई उनीहरुको क्षमताका आधारमा आवश्यक पर्ने यो धाराको प्रावधान कार्यान्वयन गर्नमा

पारदर्शी खाकाले लचकता प्रदान गर्नेछ ।यो धाराको अनुच्छेद १३ मा उल्लेख भएका खाका, प्रक्रिया र निर्देशिकाले यस्तो लचकता प्रतिविम्बित गर्नेछ ।

३. अल्पविकसित देश र साना टापु विकासोन्मुख राज्यका विशेष अवस्था पहिचान गर्दै, सहजीकरण, हस्तक्षेपविहीन र दण्डहीन अवस्थाका आधारमा, राष्ट्रिय सार्वभौमसत्ताको सम्मानमा, पक्षराष्ट्रहरुमा अनावश्यक दवाब नराखीकन, पारदर्शी खाकाले महासन्धी अन्तर्गतको पारदर्शी व्यवस्था निर्माण गर्दै अभिवृद्धी गर्नेछ ।

४. राष्ट्रिय संचार, दुई वर्षमा एक पटक जारी गरिने प्रतिवेदन तथा दुई वर्षमा एक पटक जारी गरिने अद्यावधिक प्रतिवेदन, अन्तराष्ट्रिय मुल्याङ्कन र समीक्षा, अन्तराष्ट्रिय परामर्श र विश्लेषण सहित; महासन्धी अन्तर्गतको पारदर्शी व्यवस्थाले यो धाराको अनुच्छेद १३ अन्तर्गतको प्रक्रिया र निर्देशिकाको विकासका आधारमा अनुभव अभिवृद्धी गर्नेछ ।

५. पारदर्शी काम कारवाही सम्बन्धी खाकाको उद्देश्य सफल अभ्यास, प्राथमिकता, आवश्यकता र अभाव सहित, धारा १४ अन्तर्गतका विश्वव्यापी बस्तुगत अवस्थालाई सुचित तुल्याउन, धारा ७ अन्तर्गतको अनुकुलन कार्य र धारा ४ अन्तर्गतका पक्षराष्ट्रहरुको राष्ट्रिय तहमा तय गरिएको योगदान प्राप्त गर्ने प्रगतिको मापन र स्पष्टता सहित, धारा २ मा महासन्धीको लक्ष्य उल्लेख भए बमोजिम, जलवायु परिवर्तन कार्य सम्बन्धी स्पष्ट जानकारी उपलब्ध गराउनु हो ।

६. सहयोग सम्बन्धी पारदर्शी खाकाको उद्देश्य भनेको धारा ४, ७, ९, १० र ११ अन्तर्गत जलवायु परिवर्तनका सन्दर्भमा सान्दर्भिक पक्षराष्ट्रले उपलब्ध गराएको र प्राप्त गरेका सहयोग बारे स्पष्टता प्रदान गर्नं र, धारा १४ अन्तर्गतका विश्वव्यापी बस्तुगत अवस्थालाई सुचित तुल्याउन, संभव रहेसम्म, उपलब्ध भएका औसत आर्थिक सहयोगका बृहत परिदृश्य प्रस्तुत गर्नं हो ।

७. प्रत्येक पक्षराष्ट्रले नियमित रुपमा निम्न सुचना उपलब्ध गराउनेछ :

(क) जलवायु सम्बन्धी अन्तरसरकारी समितिले मान्यता दिएको र पेरिस संभ्फौताको पक्षराष्ट्रहरुको सम्मेलनले स्वीकार गरेको असल अभ्यास विधि अनुसरण गर्दै तयार पारिएको मानवीय उत्सर्जनका श्रोत र हरितगृह ग्यास भण्डारण सम्बन्धमा राष्ट्रिय अभिलेखालयको प्रतिवेदन;

(ख) धारा ४ अन्तर्गत  राष्ट्रिय तहमा तय गरिएको योगदानको प्रगति अनुगमन तथा कार्यान्वयन गर्न आवश्यक सुचना ।

८. उपयुक्तता अनुरुप, धारा ७ अन्तर्गत प्रत्येक पक्षराष्ट्रले जलवायु परिवर्तनका प्रभाव र अनुकुलन सम्बन्धी सुचना समेत उपलब्ध गराउनु पर्दछ ।

९. धारा ९, १० र ११ अन्तर्गत विकासोन्मुख पक्षराष्ट्र देशलाई उपलब्ध गराएको आर्थिक, प्राविधिक हस्तान्तरण र क्षमता अभिवृद्धी सहयोगबारे सहयोग उपलब्ध गराउने विकसित पक्षराष्ट्र देश, र अन्य पक्षराष्ट्रले, सुचना उपलब्ध गराउनु पर्दछ ।

१०. धारा ९, १० र ११ अन्तर्गत आवश्यक र प्राप्त गरेको आर्थिक, प्राविधिक हस्तान्तरण र क्षमता अभिवृद्धी सहयोगबारे विकासोन्मुख पक्षराष्ट्रले सुचना उपलब्ध गराउनु पर्दछ ।

११. यो धाराको अनुच्छेद ७ र ९ अन्तर्गत, निर्णय १/सीपी.२१ अन्तर्गत, प्रत्येक पक्षराष्ट्रले पेश गरेको सुचनाको प्राविधिक मुल्याङ्कन हुनेछ ।क्षमताको आधारमा सहयोग चाहने विकासोन्मुख पक्षराष्ट्रका लागि, समीक्षाप्रक्रियाले क्षमता अभिवृद्धीको आवश्यकता पहिचान गरी सहयोग समावेश गर्नेछ ।यसको अतिरिक्त, प्रत्येक पक्षराष्ट्रले सुविधाजनक रुपमा, बहुपक्षीय प्रगतिको आधार र धारा ९ अन्तर्गतका प्रयास अनुसार र राष्ट्रिय तहमा तय गरिएको योगदानसँग सम्बन्धित कार्यान्वयन र उपलब्धिमा सहभागिता जनाउनेछ ।

१२. यो अनुच्छेद अन्तर्गतको प्राविधिक पुनरावलोकनमा उपयुक्तता अनुरुप, पक्षराष्ट्रले उपलब्ध गराएको सहयोग र राष्ट्रिय तहमा तय गरिएको योगदानका कार्यान्वयन र उपलब्धि बारे धारणा उल्लेख हुनेछ ।समीक्षाले पक्षराष्ट्रको हकमा सुधारको क्षेत्र पहिचान गर्नेछ, र यो धाराको अनुच्छेद २ मा उल्लेख भएको लचकता ध्यानमा लिएर, यो धाराको अनुच्छेद १३ मा उल्लेख भएको खाका, प्रक्रिया र निर्देशनसँग सम्बन्धित सुचनाको निरन्तरता समेत समीक्षा गर्नेछ ।यो समीक्षाले विकासोन्मुख पक्षराष्ट«को सम्बन्धित राष्ट्रिय क्षमता र अवस्थामा विशेष ध्यान दिनेछ ।

१३. पेरिस संभ्फौताको पक्षराष्ट्रहरुको सम्मेलनको, पहिलो सत्रमा, महासन्धी अन्तर्गत पारदर्शीता सम्बन्धी व्यवस्था अनुरुप, अनुभवमा आधारित रहेर, उपयुक्तता अनुरुप, कार्य र सहयोगको पारदर्शीताका लागि साभ्फा खाका, प्रक्रिया र निर्देशनहरु अवलम्बन गर्नेछ ।

१४. यो धारा कार्यान्वयन गर्नमा विकासोन्मुख देशलाई सहयोग उपलब्ध गराइनेछ ।

१५. निरन्तर रुपमा विकासोन्मुख पक्षराष्ट्रको पारदर्शीतासंग सम्बन्धित क्षमता अभिवृद्धी गर्न समेत सहयोग उपलब्ध गराइनेछ ।

# धारा १४

१. पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले, संझौताको उद्देश्य प्राप्त गर्नेतर्फ सामुहिक प्रगति र दीर्घकालीन लक्ष्य ("विश्वव्यापी बस्तुगत अवस्था") मुल्याङ्कन गर्ने क्रममा समय समयमा संझौता कार्यान्वयन सम्बन्धी जानकारी लिनेछ ।यो सम्पन्न गर्दा, समता र उपलब्ध सबैभन्दा उपयुक्त विज्ञानको विकल्प ध्यानमा लिएर, न्युनीकरण, अनुकुलन र कार्यान्वयनका र सहयोगका साधनका आधारमा एकीकृत र सुविधाजनक रुपमा गरिनेछ ।

२. पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले यसको पहिलो विश्वव्यापी बस्तुगत अवस्था विश्लेषण सन् २०२३ मा र त्यस पश्चात, पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले अर्को निर्णय नलिएमा, प्रत्येक पाँच वर्षमा गरिनेछ ।

३. विश्वव्यापी बस्तुगत अवस्था विश्लेषणको प्रतिफलले पक्षराष्ट्रहरुलाई, राष्ट्रिय रुपमा निर्णय गरिएको आधारमा, यो संझौताको सान्दर्भिक प्रावधान अनुसार कारवाही र सहयोग अद्यावधिक गर्न र सशक्त तुल्याउन, र जलवायु सम्बन्धी कार्यमा अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धी गर्न समेत जानकारी गराउदछ ।

# धारा १५

१. यो संझौताको प्रावधान सम्वर्द्धन र अनुपालन गर्नेतर्फ सहजीकरण गर्ने संयन्त्र यहाँ स्थापित गरिएको छ ।

२. यो धाराको अनुच्छेद १ मा उल्लेख भएको संयन्त्र विज्ञहरु सम्मिलित र सहजीकरण गर्ने प्रकृतिको हुनेछ जो पारदर्शी, विरोधीविहीन र दण्डहीनताको आधारमा कार्यरत रहनेछ ।यो समितिले पक्षराष्ट्रहरुको सम्बन्धित राष्ट्रिय क्षमता र अवस्थामा विशेष ध्यान पुऱ्याउनेछ ।

३. उक्त समितिले पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनको पहिलो सत्रमा अवलम्बन गरेको खाका र प्रक्रिया अनुरुप कार्य गर्नेछ र पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनमा वार्षिक रुपमा प्रतिवेदन प्रस्तुत गर्नेछ ।

# धारा १६

१. पक्षराष्ट्रहरुको सम्मेलन जो महासन्धीको उच्चतम निकाय हो ले, यस संझौताको पक्षराष्ट्रहरुको वैठकको भुमिका निर्वाह गर्नेछ ।

२. महासन्धीका पक्षराष्ट्रहरु जो यो संझौताका पक्षराष्ट्र छैनन् ती यो संझौताको पक्षराष्ट्रहरुको वैठकका कुनै पनि कारवाहीमा पर्यवेक्षकको रुपमा सहभागी हुन सक्छन् ।महासन्धीका पक्षराष्ट्रहरुको सम्मेलनले यो संझौताको पक्षराष्ट्रहरुको वैठकको रुपमा कार्यरत रहदा, यो संझौता अन्तर्गत भएका निर्णयहरु संझौताका पक्षराष्ट्रहरुले मात्र गर्न सक्छन् ।

३. जब पक्षराष्ट्रहरुको सम्मेलन यो संझौताको पक्षराष्ट्रहरुको वैठकको रुपमा कार्यरत रहन्छ, पक्षराष्ट्रहरुको सम्मेलनमा प्रतिनिधित्व गर्ने ब्युरोको कुनै पनि सदस्यलाई, महासन्धीको प्रतिनिधित्व गर्ने पक्षराष्ट्रको प्रतिनिधि भएको, तर तत्कालीन समयमा उक्त पक्षराष्ट्र यो संझौताको पक्षराष्ट्र नभएको अवस्थामा, यो संझौताको पक्षराष्ट्रहरुले आफु मध्येबाट निर्वाचित गर्ने अतिरिक्त सदस्यबाट प्रतिस्थापन गरिनेछ ।

४. पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले यो संझौताको कार्यान्वयन नियमित रुपमा समीक्षा गर्नेछ र आफ्नो अधिकार क्षेत्र भित्रबाट, आवश्यक पर्ने प्रभावकारी कार्यान्वयनको प्रवर्द्धनका लागि निर्णय लिनेछ ।उक्त सम्मेलनले यो संझौताले तोकेको जिम्मेवारी बहन गर्दै निम्न कार्य गर्नेछ :

(क) यो संझौता कार्यान्वयन गर्नेतर्फ सहायक निकायहरु आवश्यकता अनुरुप स्थापना गर्ने; र

(ख) यो संझौता कार्यान्वयन गर्नेतर्फ आवश्यक पर्ने अन्य त्यस्ता भुमिका बहन गर्ने ।

५. पेरिस संझौताको पक्षराष्ट्रहरुको सम्मेलनले सहमतिको आधारमा अन्यथा निर्णय गरे बाहेक, महासन्धीका कार्यविधिका नियमहरु र महासन्धीका अन्तर्गत लागु गरिएका आर्थिक प्रक्रियाहरु यस संझौतामा आवश्यक परिवर्तन सहित लागु हुनेछ ।

६. पेरिस संभौताको पक्षराष्ट्रहरुको सम्मेलनको पहिलो सत्र, यो संभौता लागु हुने मिति पछि तय गरिएको पक्षराष्ट्रहरुको सम्मेलनको पहिलो सत्र सँगै, सचिवालयले आह्वान गर्नेछ ।पेरिस संभौताको पक्षराष्ट्रहरुको सम्मेलनले अन्यथा निर्णय गरे बाहेक, पेरिस संभौताको पक्षराष्ट्रहरुको सम्मेलनका त्यस पछिका सत्र, पक्षराष्ट्रहरुको सम्मेलनको साधारण सत्र संगै गरिनेछ ।

७. पेरिस संभौताको पक्षराष्ट्रहरुको सम्मेलनको असाधारण सत्र, पेरिस संभौताको पक्षराष्ट्रहरुको सम्मेलनले आवश्यक ठहर गरेको अन्य समयमा वा कुनै पनि पक्षराष्ट्रको लिखित अनुरोध आएर, सचिवालयले पक्षराष्ट्रहरुलाई अनुरोधबारे जानकारी गराएको छ महिनाभित्र, कम्तिमा एक तिहाई पक्षराष्ट्रहरुले समर्थन गरेको अवस्थामा, आयोजना गरिनेछ ।

८. संयुक्त राष्ट्र संघीय र तिनका विशेष निकायहरु र अन्तर्राष्ट्रिय परमाणविक उर्जा एजेन्सी, र यो महासन्धीको पक्षराष्ट्र नभएको ति निकायका कुनै पनि राज्य सदस्य वा पर्यवेक्षक, पेरिस संभौताको पक्षराष्ट्रहरुको सम्मेलनको सत्रहरुमा प्रतिनिधि बन्न सक्नेछन् ।कोही राष्ट्रिय वा अन्तर्राष्ट्रिय, सरकारी वा गैरसरकारी, संभौताको क्षेत्र भित्र योग्य ठहर गरिएको संस्था वा निकाय, पेरिस संभौताको पक्षराष्ट्रहरुको सम्मेलनको सत्रमा पर्यवेक्षकको रुपमा प्रतिनिधित्व हुने इच्छा सचिवालयमा जाहेर गरेको अवस्थामा, उपस्थित एक तिहाई सदस्यले आपत्ति नजनाए, प्रवेशको अनुमति दिन सकिनेछ ।पर्यवेक्षकको प्रवेश र सहभागिता यो धाराको अनुच्छेद ५ मा उल्लेख भएको प्रक्रिया सम्बन्धी नियममा आधारित रहनेछ ।

# धारा १७

१. महासन्धीको धारा ८ ले स्थापना गरेको सचिवालयले यो संभौताको सचिवालयको रुपमा समेत कार्य सम्पादन गर्नेछ ।

२. सचिवालय सम्बन्धी महासन्धीको धारा ८ को अनुच्छेद २, र सचिवालयको व्यवस्था सम्बन्धी महासन्धीको धारा ८ को अनुच्छेद ३, यो संभौतामा आवश्यक परिवर्तन सहित लागु हुनेछ ।सचिवालयले, अतिरिक्त रुपमा, पेरिस संभौताको पक्षराष्ट्रहरुको सम्मेलन र यो संभौता अन्तर्गत तोकिएको, जिम्मेवारी बहन गर्नेछ ।

# धारा १८

१. महासन्धीको धारा ९ र १० ले स्थापित गरेको वैज्ञानिक तथा प्राविधिक सुभावका लागि सहायक निकाय र कार्यान्वयनका लागि सहायक निकायले, सोही रुपमा यो संभौताका, वैज्ञानिक तथा प्राविधिक सुभावका लागि सहायक निकाय र संभौता कार्यान्वयनका लागि सहायक निकायको रुपमा भुमिका निर्वाह गर्नेछन् ।यी दुई निकायका भुमिका महासन्धी अनुरुप, आवश्यक परिवर्तन सहित, यस संभौताका लागि समेत लागु गरिनेछ ।वैज्ञानिक तथा प्राविधिक सुभावका लागि सहायक निकाय र संभौता कार्यान्वयनका लागि सहायक निकायको सत्र, निम्न रुपमा, वैज्ञानिक तथा प्राविधिक सुभावका लागि सहायक निकाय र संभौता कार्यान्वयनका लागि सहायक निकायको वैठक सँग आयोजना गरिनेछ ।

२. यो संभौताको पक्षराष्ट्र नभएका महासन्धीका पक्षराष्ट्रले सहायक निकायका कुनै पनि सत्रको प्रक्रियामा पर्यवेक्षकको रुपमा सहभागी हुन सक्छन् ।सहायक निकाय यस संभौताको सहायक निकायको रुपमा कार्यरत रहँदा, यस संभौताका पक्षराष्ट्र भएकाले मात्र यस संभौता अन्तर्गतका निर्णय लिनेछन् ।

३. जब धारा ९ र १० बमोजिम स्थापित सहायक निकायले संभौतासँग सरोकार राख्ने विषयका हकमा आफ्नो भुमिका निर्वाह गर्छन्, महासन्धी पक्षराष्ट्रको प्रतिनिधित्व गर्ने सहायक निकायका ब्युरोको कुनै पनि सदस्य, जो त्यस समय संभौताका पक्षराष्ट्र नभएको अवस्थामा त्यस्ता सदस्यलाई यो संभौताका पक्षराष्ट्रहरु मध्येबाट निर्वाचित गरेको अतिरिक्त सदस्यले प्रतिस्थापन गर्नेछन् ।

# धारा १९

१. यस संभ्फौतामा उल्लेख भए भन्दा बाहेकका, महासन्धीले वा अन्तर्गत स्थापित सहायक निकाय वा अन्य संस्थागत व्यवस्थाले, पेरिस संभ्फौताको पक्षराष्ट्रहरुकोसम्मेलनले यस्ता सहायक निकाय वा व्यवस्थाले अवलम्बन गर्ने भुमिका निश्चित गर्नेछ ।

२. पेरिस संभ्फौताको पक्षराष्ट्रहरुको सम्मेलनले यस्ता सहायक निकाय र संस्थागत व्यवस्थालाई थप निर्देशन उपलब्ध गराउन सक्नेछन् ।

# धारा २०

१. महासन्धीका पक्षराष्ट्र रहेका राज्य र क्षेत्रीय आर्थिक एकीकृत संगठनहरुलाई यो संभ्फौतामा हस्ताक्षर गर्ने र अनुमोदन, ग्रहण वा स्वीकार गर्ने विकल्प खुला गरिनेछ ।संयुक्त राष्ट्र संघीय मुख्यालय, न्यु योर्कमा सन् २०१६ अप्रिल २२ देखि २०१७ अप्रिल २१ सम्म हस्ताक्षरका लागि खुला राखिनेछ ।हस्ताक्षर बन्द गरिएको दिनको भोलि पल्टबाट यो संभ्फौता परिग्रहण प्रक्रिया खुला हुनेछ ।अनुमोदन, ग्रहण, स्वीकार वा परिग्रहण संयत्रहरु संग्रहस्थानमा भण्डारण गरिनेछ ।

२. कुनै पनि आफ्नो सदस्य राज्य यसको पक्षराष्ट्र नभइकन यो संभ्फौताको पक्षराष्ट्र बन्ने कुनै पनि क्षेत्रीय आर्थिक एकीकृत संगठन यो संभ्फौता भित्रको दायित्वबाट बाँधिनेछ ।क्षेत्रीय आर्थिक एकीकृत संगठनका एक वा एक भन्दा बढी राज्य यो संभ्फौताको पक्षराष्ट्र भएको अवस्थामा, उक्त संगठन र सदस्य राज्यले संभ्फौता भित्रका सम्बन्धित दायित्व र भुमिकाका बारेमा निर्णय गर्नेछन् ।यस्तो अवस्थामा, संगठन र सदस्य राज्यले यो संभ्फौता अन्तर्गतको अधिकार समवर्ती रुपमा प्रयोग गर्न सक्ने छैनन् ।

३. अनुमोदन, ग्रहण, स्वीकार वा परिग्रहण संयत्रका हकमा, क्षेत्रीय आर्थिक एकीकृत संगठनले यो संभ्फौताले निश्चित गरेको सवालमा आफ्नो दक्षताको परिधि घोषणा गर्नेछन् ।साथै उक्त संगठनहरुले संग्रहस्थानलाई यसबारेमा जानकारी गराउने छन्, जसले दक्षताको सीमाको सवालमा भएका मुलभुत परिमार्जनका बारेमा पक्षराष्ट्रहरुलाई त्यसैगरी जानकारी गराउनेछन् ।

# धारा २१

१. कम्तिमा अनुमानित ५५ प्रतिशत विश्वव्यापी हरितगृह ग्यास उत्सर्जन भएका महासन्धीका कम्तिमा ५५ पक्षराष्ट्रहरुले अनुमोदन, ग्रहण, स्वीकार वा अघि बढाउने संयत्रहरु भण्डारण गरेको दिनको तीसौं दिनमा यो संभ्फौता लागु हुनेछ ।

२. यो धाराको अनुच्छेद १ को सीमित उद्देश्यकै लागि “कुल विश्वव्यापी हरितगृह ग्यास उत्सर्जन” भन्नाले महासन्धीका पक्षराष्ट्रले यो संभ्फौता अनुसरण गरेको दिन वा त्यो भन्दा अगाडि प्रवाह भएको कुल उत्सर्जन भन्ने जनाउछ ।

३. यो धाराको अनुच्छेद १ मा उल्लेख गरिएको यो सभ्फौता लागु गर्न आवश्यक शर्तहरु पुरा भएपछि, अनुमोदन, ग्रहण वा स्वीकार गर्ने वा अघि बढाउने प्रत्येक राज्य वा क्षेत्रीय आर्थिक एकीकृत संगठनबाट पुर्ति भएपछि, त्यस्ता राज्य वा क्षेत्रीय आर्थिक एकीकृत संगठनबाट अनुमोदन, ग्रहण, स्वीकार वा अघि बढाउने संयत्रहरु भण्डारण गरिएको तीसौं दिनमा यो संभ्फौता लागु हुनेछ ।

४. यो धाराको अनुच्छेद १ को उद्देश्यका लागि, क्षेत्रीय आर्थिक एकीकृत संगठनबाट भण्डारण भएको कुनै पनि संयन्त्र, राज्य सदस्यहरुबाट भण्डार गरिएको भन्दा पृथक रुपमा लिइने छैन ।

# धारा २२

यो महासन्धीको धारा १५ मा उल्लेख भएका महासन्धी संशोधन गर्न आवश्यक प्रावधानहरु आवश्यक परिवर्तन सहित यो संभ्फौतामा समेत लागु गरिनेछ ।

# धारा २३

१. यो महासन्धीको धारा १६ मा उल्लेख भएका महासन्धीका परिशिष्ट अनुसरण र संशोधन गर्न आवश्यक प्रावधानहरु आवश्यक परिवर्तन सहित यो संझौतामा समेत लागु गरिनेछ ।

२. यो संझौताका परिशिष्ट, अन्यता स्पष्ट उल्लेख गरिए बाहेक, संझौताको अभिन्न अंग रहनेछन् भने यो संझौता सम्बन्धी सन्दर्भ नै यसै अवस्थामा अन्य परिशिष्टका लागि सन्दर्भ रहनेछ ।त्यस्ता परिशिष्ट वैज्ञानिक, प्राविधिक, प्रक्रियागत वा प्रशासनिक चरित्रका सुची, फारम र अन्य विवरणात्मक सामाग्रीमा सीमित रहनेछन् ।

# धारा २४

यो महासन्धीको धारा १४ मा उल्लेख भएका विवाद निरुपण सम्बन्धी प्रावधानहरु आवश्यक परिवर्तन सहित यो संझौतामा लागु गरिनेछ ।

# धारा २५

१. यो धाराको अनुच्छेद २ मा उल्लेख भए बाहेक, प्रत्येक पक्षराष्ट्रलाई एक मत प्रदान गर्ने हक हुनेछ ।

२. क्षेत्रीय आर्थिक एकीकृत संगठनहरुले, आफ्नो दक्षता भित्रको सवालमा, यो संझौताका पक्षराष्ट्र रहेका सदस्य राज्यका संख्याको बराबर रुपमा आफ्नो मताधिकार प्रयोग गर्नेछन् ।त्यस्तो संगठनले, कुनै पनि सदस्य राज्यले आफ्नो मताधिकार प्रयोग वा अन्यथा गरेको खण्डमा, आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन ।

# धारा २६

संयुक्त राष्ट्र संघका महासचिव यो संझौताको संग्रहकर्ता हुनेछन् ।

# धारा २७

यो संझौता प्रति आपति जनाउने पाइने छैन ।

# धारा २८

१. कुनै पक्षराष्ट्रका हकमा यो संझौता लागु भएको मितिबाट तीन वर्षको समयमा, संग्रहकर्तालाई लिखित रुपमा जानकारी गराएर त्यस्तो पक्षराष्ट्र संझौताबाट बाहिरीन सक्दछ ।

२. संग्रहकर्ताले त्यसरी बाहिरिने जानकारी पाएको एक वर्षको समय पछि वा जानकारी पत्रमा उल्लेख भएको मिति पश्चात मात्र निर्णय लागु हुनेछ ।

३. कुनै पनि पक्षराष्ट्र महासन्धीबाट बाहिरिए संझौताबाट समेत बाहिरिएको भन्ने बुझिनेछ ।

# धारा २९

यो संझौताको मुल पाठ, अरबी, चिनियाँ, अंग्रेजी, रुसी र स्पेनीस भाषामा रहेका पाठ समेत उत्तिकै असली छन् र ती संयुक्त राष्ट्र संघका महासचिव संग संग्रह गरिनेछ ।

दुई हजार पन्ध्र डिसेम्बरको बाह्रौं दिन पेरिसमा गरिएको ।

साक्षीको उपस्थितिमा, अधिकार प्राप्त गरेको नाताले, तल हस्ताक्षर गर्नेले, यो संझौतामा हस्ताक्षर गरेका छन् ।

PARIS2015
UN CLIMATE CHANGE CONFERENCE
COP21·CMP11

Prakriti Resources Centre

Prakriti Resources Centre (PRC)
107/22 Aruna Lama Marg,
Narayan Gopal Chowk,
Kathmandu-4, Nepal
Phone: +977-1-4428602
Email: info@prcnepal.org.np
Website: www.prc.org.np